# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १४, अङ्क १

(२०८१ पुस १६ गतेदेखि २०८१ चैत १८ गतेसम्म)


## कोशी प्रदेसको

# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) कोशी प्रदेश कार्यालय विराटनगरले प्रदेशको मानव अधिकार अवस्थाको स्थितिका बारेमाजानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थितिसूचक प्रकाशनगर्दै आएको छ । कोशीप्रदेशका १४ ओटै जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिहरूबाट सङ्कलनगरिएका घटनाहरूको आधारमा सन् २०२५ को जनवरी १ देखि मार्च ३१ सम्मअर्थात् ०८१ पुस १६ गतेदेखि चैत १८ गते सम्मका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्याङ्कसहित त्रैमासिक अवस्थाको विश्लेषण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ ।

बितेको तीन महिनामा कोशी प्रदेशको मानव अधिकारलाई विश्लेषण गर्ने हो भने यस अवधिमा मानिसको सबै भन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकारबाट १२ जना नागरिक विमुख भएका छन् । प्रहरी ब्यारेकभित्र एक जना सइसहित राज्यको नियन्त्रणमा भएका ६ जना नागरिकले यस अवधिमा ज्यान गुमाउनु परेको छ । अन्यपक्षबाट ६ जनाको हत्या गरिएको छ । यस अवधिमा एक जनालाई जिउँदै जलाएर हत्याको प्रयास गरिएको छ ।

तीन महिनाको अवधिमा कोशी प्रदेशमा राज्य पक्ष र अन्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३ सय ७५ जना पीडित भएका छन् । राज्यबाट भएका मानवअधिकार उल्लङ्घनका घटनामा ५९ जना पीडित भएका छन् । राज्य पक्षबाट सात जना महिला र ४२ जना पुरुष गरी ४९ जना गिरफ्तारीमा परेका छन् । राज्य पक्षबाट भएका घटनामा चार जना पुरुष घाइते भएका छन् । अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ३ सय १६ जना नागरिक पीडित भएका छन् ।

तीन महिनाको अवधिमा कोशी प्रदेशमा अन्य पक्षबाट भएका घटनामा अपहरणको घटनामा एक, अमानवीय व्यवहार घटनामा दुई, कुटपिटका घटनामा नौ, घाइते घटनामा ३०, हत्याका घटनामा चार र धम्कीको घटनामा एक गरी ४७ जना पीडित भएका छन् । बाल अधिकारविरूद्धको घटनामा ४१ जना पीडित भएका छन् । जसमा बलात्कारको घटनामा २९ जना र यौन दुर्व्यवहारको घटनामा १२ जना पीडित भएका छन् । यस अवधिमा बालसुधार गृह विराटनगरमा झडपको घटना भयो । ढिलोगरी न्याय निरूपण हुँदा वयस्कहरूलाई बालसुधार गृहमा राख्नु परेको कागारका प्रमुख मिलन चौहानले बताए । सो घटनाको इन्सेक र सिविनले ०८१ चैत ५ गते अनुगमन गरी चैत ६ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझायो । तीन महिनाको अवधिमा कोशी प्रदेशमा महिला अधिकारविरूद्धका घटनामा २ सय २८ जना महिला पीडित भएका छन् । जसमा साइवर क्राइमको घटनामा एक, परिवारजनबाट हत्या दुई, बलात्कारको घटनामा २६, बलात्कार प्रयास घटनामा एक

र यौन दुर्व्यवहारका घटनामा एक जना महिला पीडित भएका छन् । यो अवधिमा सबैभन्दा बढी महिला घरेलु हिंसाका घटनामा १ सय ९७ जना महिला पीडित भएका छन् ।

यो तीन महिनाको अवधि कोशी प्रदेश आन्दोलनका कारण प्रभावित भयो । ०८१ माघ १२ गते ताप्लेजुङ प्रसिद्ध धार्मिक क्षेत्र पाथीभरा, मुकुम्लुङमा केवलकार निर्माण कार्य थालनी भएपछि 'नो केवलकार'समूहले गरेको आन्दोलनका कारण ताप्लेजुङ सबैभन्दा प्रभावित भयो । नो केवलकार समूहसँग प्रहरीको दिनहुँजसो झडपका घटनामा कोशी प्रदेशमा अशान्त वातावरण सिर्जना भयो । नो केवलकार समूहका कार्यकर्ताले राँके जुलुससहित इन्सेककर्मीमाथि आक्रमण गरेका कारण यो अवधिमा कोशी प्रदेशमा स्वतन्त्रतापूर्वक बाँच्न नागरिकको अधिकार सङ्कुचित हुन पुग्यो । प्रहरी र आन्दोलनकारीबिच पाथीभरा क्षेत्रमा भएको झडपमा उद्दारका लागि गएका इन्सेक ताप्लेजुङ प्रतिनिधिसहित रेडक्रसकर्मीमाथि ०८१ फागुन ८ गते सांघातिक हमला भयो । इन्सेकले फागुन ९ गते विज्ञप्ति जारी गरी अधिकारकर्मीलाई आफ्नो कर्तव्य पुरा गर्न दिन सार्वजनिक आग्रह गऱ्यो । पाथीभरा क्षेत्रमा भएको झडपको इन्सेकले स्थलगत अनुगमन गऱ्यो ।

मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धन गर्ने मुख्य दायित्व राज्यको हो । मानव अधिकारका सम्वन्धमा राज्यको महत्वपूर्ण दायित्व रहेको हुँदा यस विषयमा राज्य सम्वेदनशील हुनु पर्दछ ।

अत: इन्सेकले अभिलेखीकरण गरेका तथ्याङ्कहरूलाई दृष्टिगत गरी मानवअधिकार संरक्षण र सम्वर्द्धनका निम्ति राज्यले ठोस, प्रभावकारी र हस्तक्षेपकारी नीति तथा कार्यक्रमहरू अवलम्वन गर्न जरूरी छ । यस दिशमा सबै सरोकारवालाहरूले ध्यान दिन आवश्यक छ ।

**मनोहरकुमार पोखरेल**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जनवरी–मार्च २०२५)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तारी | ७ | ४२ | ४९ | | | | ४९ |
| घाइते | | ४ | ४ | | ३० | ३० | ३४ |
| कुटपिट | | | | २ | ७ | ९ | ९ |
| बाल अधिकार | | | | ४१ | | ४१ | ४१ |
| अमानवीय व्यवहार | | | | | २ | २ | २ |
| हत्या | | | | २ | २ | ४ | ४ |
| अपहरण | | | | १ | | १ | १ |
| महिला अधिकार | | | | २२८ | | २२८ | २२८ |
| धम्की | | | | | १ | १ | १ |
| कारागारमा मृत्यु | | ६ | ६ | | | | ६ |
| जम्मा | ७ | ५२ | ५९ | २७४ | ४२ | ३१६ | ३७५ |

# कोशी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८१ पुस १६ गतेदेखि चैत १८ गतेसम्म)

### घाइते

#### राज्य पक्षबाट

**ताप्लेजुङ**

पाथीभरा, मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माण विवादका क्रममा ०८१ माघ १२ गते प्रहरीले गोली चलाउँदा नो केवलकार समूहका कार्यकर्ता तेह्रथुम जिल्ला, म्याङलुङ नगरपालिका-९ का ३६ वर्षीय यामबहादुर लिम्बू, मिक्लाजुङ गाउँपालिका-५ का २३ वर्षीय सगुन लावती, फुङलिङ नगरपालिका-८ का २० वर्षीय धर्म पालु  वा र मिक्लाजुङ गाउँपालिका-४ का १७ वर्षीय बालक मंगोल लावती घाइते भए। प्रहरीको गोली प्रहारबाट यामबहादुरको बाँया गोडामा, सगुन लावती अगाडिको बाँया छातीमा, धर्म पालुङ्वाको बाँया कुममा, मंगोल लावतीको बाँया आँखामा चोट लागेको मुकुम्लुङ संयुक्त संरक्षण सङ्घर्ष समितिका संयोजक श्रीलिङखिमले बताए। यामबहादुरको माघ १२ गते जिल्ला अस्पतालमा प्राथमिक उपचार पश्चात नोबेल अस्पताल, विराटनगरमा उपचार भयो। सगुन लावती, धर्म पालुङ्वा र मंगोल लावतीको थप उपचारका लागि माघ १४ गते नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौं लगियो। घाइते सबैको उपचार ०८१ चैत १६ गतेसम्म भयो।

### धम्की

#### अन्यपक्षबाट

**ताप्लेजुङ**

ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई ज्यान मार्ने धम्की दिएको आरोपमा प्रहरीले फुङलिङ नगरपालिका-११ अस्थायी ठेगाना भएका ५२ वर्षीय प्रदीप मादेनलाई ०८१ माघ १५ गते गिरफ्तार गऱ्यो। प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई ०८१ माघ १२ गते मोवाइल फोनमार्फत ज्यान मार्ने धम्की दिएको आरोपमा मादेनलाई अनुसन्धानका लागि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रवि रावलले बताए। आरोपितले मोवाइल फोनमार्फत ज्यान मार्ने धम्की दिनुका साथै अपशब्द बोलेको प्रमुख जिल्ला अधिकारी शर्माले बताए। फुङलिङ नगरपालिका-११ काफ्लेपाटी क्षेत्रमा ...नो केबलकार समूह' को आन्दोलनको नेतृत्व गरेका मादेनलाई अनुसन्धानका लागि गिरफ्तार गरिएको प्रहरीले जनायो। केवलकार निर्माणको विरोध गर्नेहरूमाथि माघ १२ गते प्रहरीलाई गोली चलाउन आदेश दिएको भन्दै प्रमुख जिल्ला अधिकारीलाई ज्यान मार्ने धम्की दिने आरोपितलाई फुङलिङ नगरपालिका-३ कोप्चेबजारबाट गिरफ्तार गरेको डिएसपी रवि रावलले बताए। माघ २२ गते नेपाल सरकार र नो केवलकारसमूहबिच भएको वार्तामा सहमति भएपछि मादेनलाई जिल्ला अदालतमा माघ २३ गते हाजिरी गराई १० रुपियाँ धरौटीमा रिहा गरिएको जिल्ला अदालतका सूचना अधिकारी विवेक बस्नेतले बताए।

### गिरफ्तारी

**ताप्लेजुङ**

पाथीभरा, मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माण विवादका क्रममा ०८१ माघ १२ गते प्रहरीमाथि ढु  । प्रहार गरेको आरोपमा प्रहरीले फुङलिङ नगरपालिका-११ अस्थायी ठेगाना भएका ३२ वर्षीय लक्ष्मण लिम्बू र ३१ वर्षीय चन्द्रसागर लिम्बूलाई माघ १२ गते गिरफ्तार गऱ्यो। माघ २२ गते नेपाल सरकार र नो केवलकारसमूहबिच भएको वार्तामा सहमति भएपछि माघ २३ गते हाजिरी गराई दुवै जनालाई जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गरिएको जिल्ला अदालतका सूचना अधिकारी विवेक बस्नेतले बताए।

ताप्लेजुङको पाथीभरा क्षेत्रमा निर्माणाधीन केवलकारको विषयलाई लिएर फुङलिङ नगरपालिका-५ स्थित वीरेन्द्र चोकमा ०८१ फागुन १० गते प्रहरीलाई ढु  ामुढा र आगोको लप्का फ्यालेको आरोपमा प्रहरीले १८ जनालाई गिरफ्तार गऱ्यो। ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिका-१ का ४५ वर्षीय नवीन पोमू, फक्ताङलुङ गाउँपालिका-५ का ३७ वर्षीय सुवास तुम्बाहाङफे, पाँचथर जिल्ला याङवरक गाउँपालिका-२ की ४३ वर्षीया इन्दिरा धौराली, फिदिम नगरपालिका-११ का २२ वर्षीय एमन राई, फालेलुङ, गाउँपालिका-८ स्थायी घर भइ फिदिम नगरपालिका-१ मा बस्दै आएकी ४० वर्षीया सुनिता केरुङ, हलिहाङ गाउँपालिका-६ घर भई झापाको अर्जुनधारा

नगरपालिका-११ मा बस्दै आएका ४८ वर्षीय मित्र लिङदेन, मिक्लाजुङ गाउँपालिका-५ स्थायी घर भई इलाम नगरपालिका-७ मा बस्दै आएका ५१ वर्षीय योगेन्द्र लावती, तेह्रथुम जिल्ला, आठराई गाउँपालिका-७ स्थायी घर भई झापा अर्जुनधारा नगरपालिका-११ मा बस्दै आएकी ३० वर्षीया दीक्षा क्षेत्री, शिवसतासी नगरपालिका-२ स्थायी घर भई बिर्तामोड नगरपालिका-२ मा बस्दै आएकी २० वर्षीया ईक्सा लिम्बू, अर्जुनधारा नगरपालिका-४ की २१ वर्षीया निहा चेम्जोङ, सुनसरी, इटहरी उपमहानगरपालिका-३ का २३ वर्षीय विवेक लिम्बू, सोही ठाउँका १९ वर्षीय जुरन राई, इटहरी उपमहानगरपालिका-२ का ३२ वर्षीय अर्जुन भनिने वीर्खबहादुर तामाङ, इटहरी उपमहानगरपालिका-२० का ३२ वर्षीय अनुप सुब्बा, र इटहरी उपमहानगरपालिका-१० का १९ वर्षीय विशेष सुब्बा, मोरङ, ग्रामथान गाउँपालिका-६ स्थायी घर भई सुन्दरहरैँचा नगरपालिका-१० मा बस्दै आएका ५८ वर्षीय तुलाराम तामाङ र उर्लाबारी नगरपालिका-१ का ३९ वर्षीय हरि लिम्बू र पाँचथर मिक्लाजुङ गाउँपालिका-१ का २९ वर्षीय राजकुमार लिम्बूलाई प्रहरीले फागुन १० गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ६ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको चैत ७ गतेको आदेशले जनही २० हजार रुपियाँ धरौटीमा रिहा माग गर्‍यो। आरोपित सबैले सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका सूचनाका अधिकारी विष्णु राईले बताए। ०८१ चैत १६ गतेसम्म मुद्दा कानुनी प्रक्रियामा छ।

### सुनसरी

धरान उपमहानगरपालिकामा सामाजिक सद्भाव भड्काएको आरोपमा प्रहरीले धरान उपमहानगरपालिका-८ भोटेपुलकी ३६ वर्षीया सिर्जना बेघालाई ०८१ फागुन ७ गते गिरफ्तार गर्‍यो। सामाजिक सञ्जाल फेसबुकबाट सामाजिक सद्भाव भड्काएको, अवैध चन्दा असुली कार्यमा संलग्न भएको, सार्वजनिक स्थलमा गोरू काटेर भोज खाएको, सार्वजनिक सम्पत्तिको तोडफोड गरेको भिडियो खिचेर सामाजिक सञ्जालमा हालेको आरोपमा प्रहरीले बेघालाई ०८१ फागुन ७ गते अमरहाट बजारबाट गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय, धरानका डिएसपी प्रकाश जवेगुले बताए। आरोपितविरूद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा चैत ११ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### झापा

पाथीभरा क्षेत्रमा केवलकार निर्माणको विरोध गर्दै आएको समूहले ०८१ माघ २० गते झापा बन्द गराउँदै हिँडेको आरोपमा प्रहरीले झापाको दमक नगरपालिका-४ बाट ३२ वर्षीय पदम बेघा, २७ वर्षीय धनकुमार योङहाङ, २२ वर्षीय शुक्र लिम्बू, १९ वर्षीय आदित्य फियाक, २४ वर्षीय प्रकाश लावुङ, २६ वर्षीया सन्देश लिम्बू, र १९ वर्षीय नासमाङ लिम्बूलाई माघ २० गते गिरफ्तार गर्‍यो। बन्दकर्ताले माघ २० गते मे १ च ५१६१ नं को स्कोरपियो गाडी तोडफोड गरेको प्रहरीले जनायो। माघ २१ गते गिरफ्तारीमा परेका सातै जनालाई प्रहरीले विना शर्त रिहा गरेको जनायो।

### मोरङ

प्रहरीविरूद्ध ०८१ फागुन १५ गते जिल्ला प्रहरी कार्यालय बाहिर नाराबाजी गरेको आरोपमा प्रहरीले कटहरी गाउँपालिका-६ भौडाहाका ३० वर्षीय सविन दाहाल, बुढीग ा गाउँपालिका -३ का २९ वर्षीय गुड्डु साह र सोही ठाउँका २८ वर्षीय चन्द्र गौतमलाई फागुन १५ गते गिरफ्तार गर्‍यो। फागुन १४ गते महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा भएको झडपमा दोषीलाई कारबाही नगरेको भन्दै प्रहरीविरूद्ध नारावाजी गरेको आरोपमा तीन जनालाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी वेदप्रकाश जोशीले बताए। आरोपितलाई प्रहरीले फागुन १५ गते साँझ बिना सर्त रिहा गर्‍यो। प्रहरीले आरोपितविरूद्ध कानुनी कारबाही अघि बढाएन।

स्ववियु निर्वाचनको विषयलाई लिएर विराटनगरस्थित महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा आगजनी र तोडफोड गरेको आरोपमा प्रहरीले नेपाल विद्यार्थी संघका चार जना नेतालाई ०८१ फागुन २८ गते गिरफ्तार गर्‍यो । गिरफ्तार गरिएकाहरूमा स्ववियु सभापतिका उम्मेदवार मोरङ लेटाङ नगरपालिका-२ घर भई विराटनगर महानगरपालिका -६ मा बस्दै आएका नेविसंघ केन्द्रीय सदस्य २६ वर्षीय योगराज दाहाल, विराटनगर महानगरपालिका-४ का २० वर्षीय आयुष दाहाल, बुढीगंगा गाउँपालिका-२ का ३० वर्षीय नेविसंघ मोरङ सचिव गुड्डु साह र बुढीगंगा गाउँपालिका- २ की २६ वर्षीया नेविसंघ केन्द्रीय सदस्य पुजा विश्वास भएको प्रहरीले जनायो। तोडफोड र आगजनीमा संलग्न भएकाले चार जनालाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वेदप्रकाश जोशीले बताए। गिरफ्तारीमा परेका सबैलाई प्रहरीले फागुन २८ गते राति विना शर्त रिहा गर्‍यो। आरोपितविरूद्ध प्रहरीले कानुनी

कारबाही अघि बढाएन।

महेन्द्र मोरङ क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियन, स्ववियु सभापति जसवन्त पौडेलसहित ६ जना विद्यार्थीलाई प्रहरीले ०८१ चैत १ गते गिरफ्तार गऱ्यो। स्ववियू निर्वाचन कार्यालयमा तोडफोड गरेको आरोपमा कटहरी गाउँपालिका-६ भौडाहाका ३० वर्षीय जसवन्त पौडेल, विराटनगर महानगरपालिका-४ का २८ वर्षीय प्रज्वल अधिकारी, विराटनगर महानगरपालिका-३ का २६ वर्षीय सनिमसिंह ठकुरीलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वेदप्रकाश जोशीले बताए। गिरफ्तारीमा परेका सबैलाई विना शर्त चैत १ गते रिहा गरिएको डिएसपी जोशीले बताए। गिरफ्तार गरिएकाहरू विरुद्ध कुनै पनि कानुनी कारबाही प्रहरीले अघि बढाएन।

स्ववियू निर्वाचनको विषयलाई लिएर विराटनगर महानगरपालिका-१४ मा रहेको डिग्री कलेजको ताला फुटाएर तोडफोड गरेको आरोपमा प्रहरीले ०८१ चैत १ गते नेपाल विद्यार्थी संघका कार्यकर्ताहरू विराटनगर महानगरपालिका-२ का १९ वर्षीय तिलक पोखेल र १९ वर्षीय राज पोखेल, विराटनगर महानगरपालिका-२ का २० वर्षीय किसन रजक, विराटनगर महानगरपालिका-४ का २२ वर्षीय सुज्ञान पराजुली, विराटनगर महानगरपालिका-५ का २७ वर्षीय अन्जनी चौधरी र विराटनगर महानगरपालिका-१२ का २६ वर्षीय अवधेश मण्डललाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वेदप्रकाश जोशीले बताए। गिरफ्तारीमा परेका सबैलाई प्रहरीले चैत २ गते साँझ विना शर्त रिहाइ गऱ्यो। कोही कसैविरूद्ध प्रहरीले कानुनी कारबाही अघि बढाएन।

**झडप**

**ताप्लेजुङ**

फुङलिङ नगरपालिका-११ काफ्लेपाटी क्षेत्रमा नो केवलकार समूह र प्रहरीबिच भएको झडपमा घाइतेको उद्दारका लागि को १ ज २५७९ नम्बरको गाडीमा इन्सेक प्रतिनिधि एलिना दियाली, रेडक्रसका जिल्ला सभापति इन्द्र गुरूङ र उद्योग वाणिज्य संघ ताप्लेजुङका महासचिव कलम लिम्बू सवार गाडीमा ०८१ फागुन ८ गते तोडफोड गरी गाडी चालक फुङलिङ नगरपालिका-९ का ३५ वर्षीय राजकुमार पौडलेललाई कुटपिट गरी हत्या प्रयास गरेको आरोपमा पौडलेले तेह्रथुम जिल्ला, आठराई गाउँपालिका-७ स्थायी घर भइ झापा जिल्ला, अर्जुनधारा नगरपालिका-११ मा बस्ने ३० वर्षीया दिक्षा भनिने निर्मला दर्नाल, ताप्लेजुङ जिल्ला, फक्ताङलुङ गाउँपालिका-६ का २९ वर्षीय सन्दीप लिम्बू, जिल्ला मोरङ, मिक्लाजुङ गाँउपालिका-३ का ३५ वर्षीय गणेश मिभक लिम्बूविरूद्ध फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित सबैलाई प्रहरीले फागुन १० गते फुङलिङ नगरपालिका-५ वीरेन्द्र चोकमा प्रहरीमाथि आगोको राँको फालेको आरोपमा गिरफ्तार गरेको थियो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १५ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको फागुन २६ गतेको आदेशले आरोपित जनही ७५ हजार रुपियाँ धरौटीमा रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ। कुटपिटबाट टाउकोमा गम्भीर चोट लागेका राजकुमार पौडेलको फागुन ८ गते जिल्ला अस्पताल र फागुन ९ गतेदेखि झापाको विएण्डी अस्पतालमा एक साता उपचार भयो। अधिकारकर्मीमाथि आक्रमण भएको घटनाको इन्सेकले फागुन ९ गते विज्ञप्ति जारी गरी घटनाको विरोध गऱ्यो। इन्सेकका निर्देशकद्वारा जारी विज्ञप्तिमा अधिकारकर्मीलाई स्वतन्त्रपूर्वक काम गर्न दिन दुवै पक्षलाई आह्वान गरिएको छ।

पाथीभरा, मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माण विवादका क्रममा ०८१ माघ १२ गते नो केवलकारका समूहका कार्यकर्ताले ढु ामुढा गर्दा नेपाल प्रहरीका २५ वर्षीय जवान अनुज विक, सशस्त्र प्रहरीका असइ ३६ वर्षीय समदेव यादव र सशस्त्र प्रहरीका जवान २८ वर्षीय सञ्जीव बस्नेत घाइते भए। प्रहरी जवान विकको गोडामा चोट, यादवको टाउकोमा र बस्नेतको कानमा चोट लागेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रवि रावलले बताए। घाइते सबैको माघ १२ गते जिल्ला अस्पतालमा उपचार भयो। फुङलिङ नगरपालिका-११ बलुडाँडामा रहेका केही घरमा नो केवलकार समूहका कार्यकर्ताले घरेलु हतियार लुकाएको सूचना प्राप्त भएको र सो बुझ्न जाने प्रहरीको टोलीमाथि ढु ामुढा प्रहार भएको डिएसपी रावलले बताए।

पाथीभरा, मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माण विवादका क्रममा ०८१ फागुन ८ गते फुङलिङ नगरपालिका-११ काफ्लेपाटी क्षेत्रमा प्रहरी र नो केवलकार समूहबिच झडप भयो। झडपका क्रममा फुङलिङ नगरपालिका-११ अस्थायी ठेगाना भएका सशस्त्र प्रहरीका हवल्दार अन्दाजी २८ वर्षीय रामप्रवेश राय यादव र २७ वर्षीय सञ्जय तामाङ घाइते भए। सशस्त्र प्रहरीका जवान अन्दाजी २६ वर्षीय रामप्रसाद रिजाल, २९ वर्षीय किरण लोप्चन र ३४ वर्षीय सुमन कार्की घाइतेको सशस्त्र प्रहरीका डिएसपी नरेश मर्हजनले बताए। झडपमा नेपाल प्रहरीका सइ अन्दाजी ३२ वर्षीय सुरेश थापा मगर, प्रहरी जवान ३२ वर्षीय विवेक राई, इन्स्पेक्टर ३४ वर्षीय विवेक बस्नेत, असइ २९ वर्षीय युवराज पोखरेल, प्रहरी जवान ३३ वर्षीय दीपक परियार र २७ वर्षीय विशाल राई घाइते हुनु

भएको इन्स्पेक्टर बस्नेतले बताउनु भयो। घाइते सबै जिल्ला अस्पतालमा फागुन ८ र ९ गते उपचार भए। फागुन ९ गते सबै घाइते उपचारपछि डिस्चार्ज भए।

**सुनसरी**

बर्जु गाउँपालिकामा पूर्वाधार शाखामा इञ्जिनियर पदमा कार्यरत ३३ वर्षीय रोशन गुप्तालाई बर्जु गाउँपालिका-६ का ४२ वर्षीय श्रवणकुमार चौधरीले ०८१ फागुन २० गते कुटपिट गरेको पीडितले आरोप लगाए। कर्मचारीको बैठक बसिरहेको अवस्थामा ०८१ फागुन २० गते आरोपितले मलाई चिन्छस् भन्दै कठालो समातेर कुटपिट गरेको पीडित इञ्जिनियरले बताए। घटनाका आरोपित गाउँपालिका उपाध्यक्षका पति भएको र सधैँ ठेक्कापट्टा मिलाइदिनु भनि धम्की दिने गरेको पीडित इञ्जिनियरले बताए। काम गर्न असुरक्षित भएको भन्दै गाउँपालिकामा कार्यरचत कर्मचारीले फागुन २० गते गाउँपालिकामा ज्ञापनपत्र बुझाए। ०८१ चैत १५ गतेसम्म घटना अनुसन्धानका क्रममा रहेको गाउँपालिका अध्यक्ष जीवछ राईले बताए।

कोशी गाउँपालिका-८ का २१ वर्षीय पत्रकार देवराज यादवलाई कोशी गाउँपालिका-८ स्थित कोशी केयर हस्पिटलका सञ्चालक हरिनगर गाउँपालिका-५ बसन्तपुरका ३२ वर्षीय सुबोध यादवले ०८१ चैत १ गते राति अस्पतालमा भिडियो किन खिचेको भन्दै  कुटपिट गरेको पीडितले बताए। पीडित पत्रकारले कुटपिटपछि चैत २ गते  जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। ज्यान मार्ने धम्की आएकाले सुरक्षाका लागि प्रशासनमा निवेदन दिएको पीडित पत्रकार यादवले बताए। प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रले घटनाका विषयमा जानकारी आएको र घटनाको वास्तविक बुझ्ने र दोषी भए कारबाही प्रक्रिया अघि बढाउने बताए। कुटपिटबाट टाउकोमा चोट लागेका पीडित पत्रकारको भोक्राहा नर्सिङ गाउँपालिका-४ स्थित सप्तकोसी न्यूरो अस्पतालमा चैत २ गते उपचार भयो। ०८१ चैत १६ गते घटना अनुसन्धानका क्रममा रहेको पीडित पत्रकारले बताए।

## कारागारमा मृत्यु

**मोरङ**

जिल्ला कारागारमा सजाय भुक्तान गरिरहेका बेलबारी नगरपालिका-४ का ६७ वर्षीय अम्मरबहादुर राईको ०८१ पुस २० गते मृत्यु भएको कारागार प्रशासनले जनायो। श्वासप्रश्वासमा समस्या भएपछि पुस २० गते उपचारका लागि कोशी अस्पतालमा भर्ना गरिएका राईको उपचारका क्रममा मृत्यु भएको जेलर गौरव ढु `लले बताए । जिल्ला अदालत मोरङले राईविरुद्ध हाडनाता करणी शीर्षकमा १४ वर्ष कैद सजायको फैसला गरेको थियो। राईले ०८७ जेठ ५ गतेसम्म कैद भुक्तान गर्नुपर्ने थियो। शव परिवारका सदस्यले पुस २१ गते बुझेर बेलवारी स्थित लोहन्द्रा खोला घाटमा सद्गत गरे।

मोरङको पथरीशनिश्चरे नगरपालिका-४ घर भएका ३८ वर्षीय जेठा भनिने जितबहादुर देवानको उपचारका क्रममा ०८१ चैत १ गते मृत्यु भएको कारागार प्रशासनले जनायो। हातखुट्टा नचल्ने समस्या देखिएपछि देवानलाई उपचारका लागि ०८१ फागुन २९ गते कोशी अस्पतालमा भर्ना गरिएकोमा उपचारका क्रममा मृत्यु भएको जेलर गौरव ढु `लले बताए। नशासम्बन्धी रोगका कारण नियमित औषधी सेवन गर्दै आएका देवानको अस्पतालको आईसीयूमा राखेर उपचार भइरहेको अवस्थामा उपचारकै क्रममा मृत्यु भएको थियो। आफ्नै घरमा आगो लगाएको घटनामा देवानलाई प्रहरीले गिरफ्तार गरेर आपराधिक उपद्रव मुद्दा चलाएको थियो। जिल्ला अदालत मोरङले देवानसँग धरौटीबापत २५ हजार रूपैयाँ लिएर मुद्दाको पुर्पक्ष गर्न ०८१ मङ्सिर २३ गते आदेश दियो। अदालतले मागेको धरौटीबापतको रकम बुझाउन नसकेपछि उनलाई मङ्सिर २३ गते कारागार चलान गरिएको थियो। मुद्दा विचाराधीन रहेकै अवस्थामा थुनुवाको मृत्यु भएको कारागार प्रशासनले जनायो। शव चैत २ गते आफन्तले बुझेर पथरीशनिश्चरे स्थित घाटमा सद्गत गऱ्यो।

मोरङ, कारागारमा पुर्पक्षमा रहेका थुनुवा पथरीशनिश्चरे नगरपालिका-४ का ३८ वर्षीय जेठा भनिने जीतबहादुर देवानको ०८१ चैत २ गते मृत्यु भएको कारागार प्रशासनले जनायो।  नशासम्बन्धी समस्या भएका र नियमित औषधि सेवन गरिरहेका देवानको हात गोडा नचल्ने समस्या देखिएपछि उपचारका लागि कोशी अस्पतालमा फागुन २९ गते भर्ना गरिएका देवानको उपचारका क्रममा चैत २ गते मृत्यु भएको कारागारका जेलर गौरव ढु `लले बताए। आफ्नै घरमा आगो लगाएको घटनामा देवानलाई प्रहरीले गिरफ्तार गरी आपराधिक उपद्रव मुद्दा चलाएको थियो। जिल्ला अदालतका न्यायाधीश अरुणकुमार झाको ०८१ मङ्सिर २३ गतेको इजलासले देवानसँग धरौटीबापत २५ हजार रुपियाँ माग गर्ने आदेश दिएको थियो। अदालतको मागेको धरौटीबापतको रकम बुझाउन नसकेपछि देवानलाई पुर्पक्षका लागि कारागारमा राखिएको थियो। पीडित परिवारले मृतक देवानको चैत ३ गते पथरी शनिश्चरेस्थित घाटमा अन्तिम संस्कार गऱ्यो।

**झापा**

जिल्ला कारागार कार्यालय, झापामा ठगी मुद्दामा कैद भुक्तान गरिरहेका भद्रपुर नगरपालिका-१ का ४० वर्षीय मदन सिलवालको माघ २९ गते लडेर मृत्यु भएको कारागार प्रशासनले जनायो। अचानक लडेका सिलवाललाई उपचारका लागि तत्कालै मेची प्रादेशिक अस्पताल, भद्रपुर पुऱ्याउनासाथ चिकित्सकले मृत घोषणा गरेको कारागार जेलर रेवन्त भट्टराईले बताए। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पतालमा माघ ३० गते भयो। सोही दिन पीडित पक्षले शव बुझी भद्रपुर नगरपालिका-१ स्थित घाटमा सद्गत गऱ्यो।

जिल्ला प्रहरी कार्यालय, झापाको ब्यारेकभित्र झुण्डिएको अवस्थामा ४९ वर्षीय सइ धनराज खतिवडाको शव ०८१ फागुन ४ गते फेला परेको प्रहरीले जनायो। भद्रपुर नगरपालिका-८ मा रहेको जिल्ला प्रहरी कार्यालयको ...ब्यारेक'को माथिल्लो तलामा ४९ वर्षीय सई धनराज खतिवडा झुण्डिएको अवस्थामा फागुन ४ गते शव फेला प्रहरीले जनायो। पानी ट्यांकीमा जाने फलामको भऱ्याङमा नाइलनको डोरीको पासो लगाएर झुन्डिएको अवस्थामा सइ खतिवडाको शव फेला परेको प्रहरीले जनायो। भोजपुरको टेम्केमैयुङ गाउँपालिका-४ स्थायी घर भइ मोरङको कानेपोखरी गाउँपालिका-७ का खतिवडाको झुण्डिएको अवस्थामा शव फेला परेको प्रहरीले जनायो। पीडित पक्षले फागुन ४ गते शव बुझी सोही दिन सद्गत गऱ्यो। पीडित पक्षले कानुनी कारबाहीका लागि कहींकतै उजुरी गरेन।

**सुनसरी**

रामधुनी नगरपालिका-५ स्थित झुम्का कारागामामा कैद भुक्तान गरिरहेका वर्जु गाउँपालिका-५ का ४० वर्षीय प्रदीप यादवले ०८१ फागुन ३ गते कारागारभित्र झुण्डिएर आत्महत्या गरेको कारागार प्रशासनले जनायो। मृतकका ६३ वर्षीय बाबु राजाराम यादवले कारागारभित्र छोराको हत्या भएको आरोप लगाए। मानसिक समस्याको औषधी सेवन गरिरहेका यादवले आत्महत्या गरेको कारागारका सहायक जेलर राम थापाले बताए। पत्नी हत्याको आरोपमा १० वर्ष कैद भुक्तानका लागि ०७४ सालदेखि झुम्का कारागारमा रहेका यादव मानसिक समस्याको बिरामी भएको र सोही कारणले आत्महत्या गरेको हुन सक्ने सहायक जेलर थापाले बताए। पीडित पक्षले फागुन ४ गते शव बुझी वर्जु गाउँपालिका-५ मा सद्गत गऱ्यो। पीडित पक्षले कोही सबैविरूद्ध कानुनी कारबाहीका लागि उजुरबाजुर गरेन।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२५)**

| | |
|---|---|
| बलात्कार | २९ |
| यौन दुर्व्यवहार | १२ |
| जम्मा | ४१ |

**बाल अधिकार**

**हत्या**

**मोरङ**

भारतको विहार राज्य, छपरा जिल्लाकी १४ वर्षीया बालिका चाँदनी यादवको ०८१ माघ ११ गते हत्या गरेको आरोपमा उनका आमा बाबुसहित मामा घर विराटनगर महानगरपालिका-५ विशालचोकको कलेर्वाका ६ जनालाई ०८१ माघ १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरूमा आमा ३५ वर्षीया राजकुमारी राय यादव, बाबु ४० वर्षीय लालमन राय यादव, मामा ३३ वर्षीय रामबाबु मण्डल, मावली हजुरबुवा ५५ वर्षीय सुरयुग मण्डल, हजुरआमा सरयुगकी पत्नी ५४ वर्षीया बतासी मण्डल, माइजु ३० वर्षीया जानकी मण्डल छन्। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ फागुन १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनिराम ज्ञवालीको फागुन १८ गतेको आरोपित सबैलाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए। बालिकाको शवको पोष्टमार्टम कोशी अस्पतालमा माघ १९ गते भयो। सोही दिन पीडित पक्षले शवको सद्गत गऱ्यो। भारत घरमा हुँदा प्रेम सम्बन्धमा रहेकी बालिकालाई छुटाउन नेपाल मामा घर ल्याएको र बालिकाले घर फर्किन जिद्दी गरेकाले हत्या गरेको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनायो।

## कुटपिट

### झापा

१५ वर्षीया बालिका स्वस्तिका विष्टलाई छुट्टीका दिन घरमा नबसेको र साथीसँग हिँडेको आरोपमा ०८१ माघ १६ गते निर्घात कुटपिट गरेको आरोपमा विर्तामोड नगरपालिका-९ का ४५ वर्षीय बाबु नीरकुमार विष्टविरुद्ध पीडितकी आमा रेनुका विष्टले माघ १६ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दिइन्। पीडितको उपचार मेची प्रादेशिक अस्पतालमा माघ १७ गते भयो। छुट्टीका दिन साथीसँग घुम्न हिँडेको र घरमा नबसेको आरोपमा छोरीलाई पिलासले प्रहार गरी टाउको फुटाइ दिएको र भाटाले शरीरभरि निलडाम हुने गरी कुटपिट गरेको बालिकाकी आमा रेनुका विष्टले बताइन्। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १२ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ऋतबहादुर पुलामी मगरको फागुन १३ गतेको आदेशले ३५ हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## बलात्कार, यौन दुर्व्यवहार

### सङ्खुवासभा

१३ वर्षीया बालिकालाई ०८१ पुस २९ गते बलात्कार गरेको आरोपमा सिलिचोङ गाउँपालिका-४ का २३ वर्षीय अमृत राईविरुद्ध पीडित पक्षले माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १८ गते भयो। आरोपितलाई प्रहरीले माघ १८ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको फागुन ९ गते इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### सोलुखुम्बु

१७ वर्षीया बालिकालाई ०८१ पुस २८ गते बलात्कार गरेको आरोपमा सिद्धिचरण नगरपालिका-८ का ३७ वर्षीय उद्धवबहादुर बास्तोलाविरूद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस ३० गते भयो। प्रहरीले आरोपितलाई पुस ३० गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ २२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलले माघ २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। ०८१ चैत १६ गतेसम्म मुद्दा कानुनी प्रक्रियामा छ।

### ओखलढुङ्गा

१६ वर्षीया बालिकालाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा सिद्धिचरण गाउँपालिका-९ ज्यामिरेका ३८ वर्षीय राजकुमार भुजेलविरूद्ध पीडित पक्षले ०८१ माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २६ गते भयो। आरोपितलाई प्रहरीले माघ २६ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### खोटाङ

१७ वर्षीया बालिकालाई ०८१ फागुन ७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले वराहपोखरी गाउँपालिका-३ भोरलेनीका ५१ वर्षीय बलबहादुर दर्जीविरूद्ध फागुन ८ गते इलाका प्रहरी कार्यालय, हुक्नाजोरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ८ गते भयो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद आचार्यको नारायणप्रसाद दाहालको चैत ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठाएको श्रेस्तेदार सीताराम खड्काले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### धनकुटा

१४ वर्षीया बालिकालाई ०८१ पुस १८ गते यौन दुर्व्यवहार गरेको आरोपमा सुनसरीको इटहरी उपमहानगरपालिका- ४ का इटहरी ५१ वर्षीय मदन खत्रीविरूद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १९ धनकुटाको भेडेटारबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते जिल्ला अस्पतालमा भयो।

प्रहरीले सरकारी वकिलको कार्यालयमार्फत पुस २४ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको पुस २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८१ पुस १९ गते बलात्कार गरेको आरोपमा सिन्धुलीको सुनकोशी गाउँपालिका-५ गैरीगाउँका २३ वर्षीय लीलाबहादुर विकविरूद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २० गते धनकुटाको हिलेबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले सरकारी वकिलको कार्यालय मार्फत पुस २८ गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको पुस २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८१ माघ ३ गते बलात्कार गरेको आरोपमा चौविसे गाउँपालिका-५ बोधेका २६ वर्षीय सुजन खतिवडाविरूद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय, राजारानीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ४ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको माघ २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

१४ वर्षीया बालिकालाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-८ मालुमका १९ वर्षीय राजिव परियारविरूद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २८ गते भयो। आरोपितविरुद्ध प्रहरीले सरकारी वकिलको कार्यालय मार्फत जिल्ला अदालतमा ०८१ माघ १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। आरोपित ०८१ चैत १६ गतेसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानबहादुर राईले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८१ चैत ६ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले माइ नगरपालिका-२ का २४ वर्षीय केशव गिरीविरूद्ध चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १० गते भयो। आरोपितलाई प्रहरीले चैत १० गते गिरफ्तार गऱ्यो। पीडित पक्षलाई ३ लाख रुपियाँ दिएर घटनामा मिलापत्र गर्न दवाव दिएको आरोपमा प्रहरीले आरोपितका बाबु ५८ वर्षीय बाबु केदारनाथ गिरी, ४३ वर्षीय काका नारायण गिरी र छिमेकी ३८ वर्षीय तुलाधर अर्यालला‌ई चैत १० गते गिरफ्तार गऱ्यो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

**झापा**

१६ वर्षीया बालिकालाई ०८१ माघ ५ गते बलात्कार गरेको आरोपमा ताप्लेजुङ, पाथीभरा याङवरक गाउँपालिका-६ थुम्वेदिनका ५२ वर्षीय कुमार राईविरुद्ध पीडित पक्षले माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ६ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद पौडेलको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०८१ माघ २४ गते बलात्कार गरेको आरोपमा भद्रपुर नगरपालिका-९ खातेका २१ वर्षीय सञ्जीव आचार्यलाईविरुद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २७ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१६ वर्षीया बालिकालाई ०८१ फागुन ७ गते बलात्कार गरेको आरोपमा दमक नगरपालिका-३ दुम्सेका ३४ वर्षीय रामप्रसाद विश्वकर्माविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत

४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवीनकुमार जोशीको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८१ फागुन १७ गते बलात्कार गरेको आरोपमा विर्तामोड नगरपालिका- ६ का २० वर्षीय मन्दीप उराउविरुद्ध पीडित पक्षले फागुन १८ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई फागुन १८ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको चैत १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०८१ फागुन ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा गौरादह नगरपालिका-१ का २२ वर्षीय शिवलाल मुर्मुविरुद्ध पीडित पक्षले फागुन २५ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २५ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई फागुन २६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काको चैत १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८१ चैत १ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत ५ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ५ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई चैत ५ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा चैत २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद्र पोखरेलको चैत २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह, विराटनगर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

१५ वर्षीया बालिकालाई ०८१ पुस १८ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-५ का २४ वर्षीय रूपेश तामाङविरूद्ध पीडित पक्षले पुस २४ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा पुस २४ गते भयो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्द्रकुमार खड्काको माघ २३ गतेको आदेशले ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित माघ २२ गते धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार टिकेन्द्रवीर ज राणाले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८१ पुस २१ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-४ का १९ वर्षीय माइकल चर्माकारविरूद्ध पीडित पक्षले पुस २१ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा पुस २१ गते भयो। आरोपितलाई प्रहरीले पुस २८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज कार्कीको माघ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०८१ फागुन १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका-१० प्रकाशपुरका ३२ वर्षीय जीवन दाहालविरूद्ध पीडित पक्षले फागुन १८ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १८ गते भयो। आरोपितलाई प्रहरीले फागुन १८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १० गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नरेन्द्रकुमार कालाखेतीको चैत ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

६ वर्षीया बालिकालाई ०८१ फागुन १ गते बलात्कार गरेको आरोपमा रामधुनी नगरपालिका -८ का ५८ वर्षीय भोजराज रेग्मीविरूद्ध पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय, पकलीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २ गते भयो। आरोपितलाई प्रहरीले फागुन ४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी

वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज कार्कीको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८१ पुस २६ गते बलात्कार गरेको आरोपमा सप्तरी जिल्ला, राजविराज नगरपालिका-२ का ४६ वर्षीय जालेश्वर यादवविरूद्ध पीडित पक्षले माघ १५ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १५ गते भयो। आरोपितलाई प्रहरीले माघ १५ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकुमार कालाखेतीको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८१ माघ १५ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१४ का २२ वर्षीय विनायकुमार चौधरीविरूद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १५ गते भयो। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको फागुन १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ माघ १७ गते बलात्कार गरेको आरोपमा रामेछाप जिल्ला, मन्थली नगरपालिका-१ घर भई इटहरी उपमहानगरपालिका-२ मा बस्दै आएका ३० वर्षीय राजकुमार कार्कीविरूद्ध पीडित पक्षले माघ १७ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १७ गते भयो। आरोपितलाई प्रहरीले माघ १८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मुकेश उपाध्यायको फागुन १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८१ माघ ४ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले दुहवी नगरपालिका-७ का २४ वर्षीय प्रेम चौधरीविरूद्ध माघ ५ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ५ गते भयो। आरोपितलाई प्रहरीले माघ ५ गते गिरफ्तार गरी जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

चार वर्षीया बालिकालाई ०८१ माघ ३० गते यौन दुर्व्यवहार गरेको आरोपमा रामधुनी नगरपालिका-८ का ६० वर्षीय ज्येष्ठ नागरिक भोजराज रेग्मीविरूद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ४ गते भयो। आरोपितलाई प्रहरीले फागुन ४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज कार्कीको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०८१ फागुन १० गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१६ का ६८ वर्षीय तुलसीराम निरौलाविरूद्ध फागुन १३ गते इलाका प्रहरी कार्यालय, पकलीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १३ गते भयो। आरोपितलाई प्रहरीले फागुन १४ गते गिरफ्तार गरी जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मुकेश उपाध्यायको चैत ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

पाँच वर्षीया बालिकालाई ०८१ चैत १ गते बलात्कार गरेको आरोपमा भोक्राहा नरसिंह गाउँपालिका-७ का ६५ वर्षीय विष्णुदेव रामविरूद्ध पीडित पक्षले चैत २ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २ गते भयो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

**अपहरण**

१२ वर्षीया बालिकालाई ०८१ चैत १४ गते नम्बर नखुलेको भारतीय नम्बर प्लेटको मोटरसाइकलमा राखि

अपहरण गरेको आरोपमा पीडित पक्षले देवानगञ्ज गाउँपालिका-७ का २० वर्षीय जीवछ यादवविरुद्ध सोही दिन इलाका प्रहरी कार्यालय, देवानगञ्जमा उजुरी दियो। देवानगञ्ज गाउँपालिका-७ राजगञ्ज सिनुवारीबाट चैत १४ गते बालिकाको अपहरण भएको आरोपमा पीडित पक्षले घटनाका आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय,देवानगञ्जमा उजुरी दिएको सइ राजेन्द्र चौधरीले बताए। ०८१ चैत १६ गतेसम्म कोही कसैलाई गिरफ्तार गर्न नसकेको र बालिकाको अवस्था थाहा नभएको प्रहरीले जनायो। हाल घटना अनुसन्धानका क्रममा छ।

**उदयपुर**

आठ वर्षीया बालिकालाई ०८१ फागुन ११ गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-१ बेलसोतका १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १३ गते भयो। आरोपितलाई प्रहरीले फागुन १३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ठाकुरप्रसाद पौडेलको चैत ११ गतेको आदेशले आरोपितलाई अभिभावकको संरक्षणमा रहने गरी पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ फागुन २६ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-४ शिखरमाडीका २४ वर्षीय कृष्ण परियार र सोही ठाउँका २४ वर्षीय भरत बिसुन्केविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २७ गते भयो। आरोपितद्वयलाई प्रहरीले फागुन २८ गते गिरफ्तार गऱ्यो। आरोपितद्वय विरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इ नामको चैत १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठाएको अदालतका श्रेस्तेदार भेषराज भट्टराईले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८१ फागुन २१ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-७ चुहाडेका ३४ वर्षीय रघुवीर खड्काविरूद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २२ गते भयो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलेको चैत १४ गतेको आदेशले आरोपितद्वयलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८१ चैत २ गते बलात्कार गरेको आरोपमा चौदण्डीगढी नगरपालिका-४ बगाहा २२ वर्षीय युवक निर्मल तामाङविरुद्ध पीडित पक्षले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ३ गते भयो। आरोपितलाई प्रहरीले चैत ४ गते गिरफ्तार गऱ्यो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो। हाल मुद्दा अनुसन्धानमा छ।

१३ वर्षीया बालिकालाई ०८१ चैत ७ गते बलात्कार गरेको आरोपमा ताप्ली गाउँपालिका-४ थानागाउँका २९ वर्षीय युवक यमराज राईविरुद्ध पीडित पक्षले चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ८ गते भयो। आरोपितलाई प्रहरीले चैत ९ गते गिरफ्तार गऱ्यो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

१६ वर्षीया बालिकालाई ०८१ चैत १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा कटारी नगरपालिका-४ जहडीका २७ वर्षीय युवक हितेश मगरविरुद्ध पीडित पक्षले चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १५ गते भयो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

११ वर्षीया बालिकालाई ०८१ चैत १५ गते यौन दुर्व्यवहार गरेको आरोपमा त्रियुगा नगरपालिका-२ मोतियाहीका २८ वर्षीय प्रभाकर शाहविरुद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १६ गते भयो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

आठ वर्षीया बालिकालाई ०८१ चैत ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा उदयपुरगढी गाउँपालिका-६ नेपालटारका १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत १० गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १० गते भयो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

**महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

**सङ्खुवासभा**

४१ वर्षीया महिलालाई ०८१ फागुन ८ गते बलात्कार गरेको आरोपमा ११ वर्षीय बालकविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १० गते भयो। आरोपितलाई प्रहरीले फागुन १० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको फागुन १८ गतेको आदेशले बालकलाई अभिभावकको संरक्षणमा रहने गरी पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

शारीरिक अपाङ्ता भएकी ६५ वर्षीया जेष्ठ नागरिकलाई बलात्कार गरेको आरोपमा ०८१ चैत ९ गते १४ वर्षीय बालकविरूद्ध पीडित पक्षले चैत १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १० गते भयो। आरोपितलाई प्रहरीले चैत १० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज त्रिपाठीको चैत १७ गतेको आदेशले बालकलाई अभिभावकको संरक्षणमा रहने गरी पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

६८ वर्षीया महिलालाई ०८१ फागुन ९ गते बलात्कार गरेको आरोपमा सिलिचोङ गाउँपालिका-५ का २७ वर्षीय अजय मेवाहाङविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ११ गते भयो। आरोपितलाई प्रहरीले फागुन ११ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको फागुन २७ गते इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४१ वर्षीया महिलालाई ०८१ फागुन ८ गते बलात्कार गरेको आरोपमा ११ वर्षीय बालकविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १० गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज त्रिपाठीको चैत ५ गतेको आदेशले बालकलाई अभिभावकको संरक्षणमा रहने गरी पुर्पक्षमा पठाएको अदालतका श्रेस्तेदार भरतमणि पोखरेलले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२५)**

| | |
|---|---|
| बलात्कार | २६ |
| घरेलु हिंसा | १९७ |
| बलात्कार प्रयास | १ |
| यौनदुर्व्यवहार | १ |
| साइबर अपराध | १ |
| परिवारजनबाट हत्या | २ |
| जम्मा | २२८ |

**सोलुखुम्बु**

२८ वर्षीया महिलालाई ०८१ पुस २३ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले थुलुङ दुधकोशी गाउँपालिका-८ का २९ वर्षीय भविन्द्र राईविरूद्ध पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २५ गते भयो। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो।

आरोपित विरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ २ गते गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको माघ ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। चैत १६ गतेसम्म मुद्दा कानुनी प्रक्रियामा छ।

२३ वर्षीया महिलालाई ०८१ माघ २ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले नेचासल्यान गाउँपालिका-५ का ५८ वर्षीय शेरजोर राईविरूद्ध माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ ४ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिलकार्यालय मार्फत् जिल्ला अदालतमा माघ २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको फागुन ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। चैत १६ गतेसम्म मुद्दा कानुनी प्रक्रियामा छ।

३५ वर्षीया महिलालाई ०८१ माघ २० गते बलात्कार गरेको आरोपमा थुलुङ दुधकोशी गाउँपालिका-८ का ३३ वर्षीय फिरोज मगरविरूद्ध पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २३ गते भयो। प्रहरीले आरोपितलाई माघ २१ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिलकार्यालय मार्फत् जिल्ला अदालतमा माघ २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको फागुन ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। ०८१ चैत १८ गतेसम्म मुद्दा कानुनी प्रक्रियामा छ।

२२ वर्षीया महिलालाई ०८१ पुस २२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले सिद्धिचरण नगरपालिका-४ का ३४ वर्षीय सुरज ठटालविरूद्ध पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २२ गते भयो। प्रहरीले आरोपितलाई पुस २२ गते गिरफ्तार गऱ्यो। आरोपित विरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ ५ गते गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको माघ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। ०८१ चैत १८ गतेसम्म मुद्दा कानुनी प्रक्रियामा छ।

**ओखलढुङ्गा**

२३ वर्षीया युवतीलाई ०८१ फागुन ९ गते बलात्कार गरेको आरोपमा लिखु गाउँपालिका-५ का ५९ वर्षीय नेत्रबहादुर नेपालीविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ११ गते भयो। आरोपितलाई प्रहरीले फागुन १० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको फागुन ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**भोजपुर**

२३ वर्षीया महिलालाई ०८१ फागुन १० गते बलात्कार गरेको आरोपमा धनकुटा जिल्ला, साँगुरीगढी गाउँपालिका-१ का २५ वर्षीय भक्तबहादुर राई विरुद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १० गते भयो। आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**धनकुटा**

२५ वर्षीया महिलालाई ०८१ पुस २० गते बलात्कार गरेको आरोपमा चौविसे गाउँपालिका-२ मुढेवासका ४३ वर्षीय मेखबहादुर लिम्बूविरूद्ध पीडित पक्षले पुस २२ गते इलाका प्रहरी कार्यालय, राजारानीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २२ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरूद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको माघ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**तेह्रथुम**

२५ वर्षीया महिलालाई ०८१ माघ १७ गते बलात्कारको गरेको आरोपमा आठराई गाउँपालिका-७ का ५१ वर्षीय भोलानाथ ढकालविरूद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १८ गते भयो। आरोपितलाई प्रहरीले माघ १८ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रमेश पोखरेलेको फागुन १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

२६ वर्षीया महिलालाई ०८१ फागुन २ गते बलात्कार प्रयास गरेको आरोपमा फालेलुङ गाउँपालिका-८ का ४० वर्षीय लदु केरुङविरुद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ३ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २७ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुमार मास्केको फागुन २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४६ वर्षीया महिलालाई ०८१ माघ १६ गते बलात्कार गरेको आरोपमा तुम्बेवा गाउँपालिका-५ का ३४ वर्षीय पञ्चप्रसाद याख्खाविरूद्ध पीडित पक्षले फागुन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १९ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुमार मास्केको फागुन १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

३१ वर्षीया महिलालाई ०८१ माघ १० गते बलात्कार गरेको आरोपमा माई नगरपालिका-७ का ३३ बषीय लालबहादुर थापाविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १० गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई ०८१ चैत १८ गतेसम्म गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो। हाल मुद्दा अनुसन्धानमा छ।

**झापा**

१९ वर्षीया युवतीलाई ०८१ फागुन २४ गते बलात्कार प्रयास गरेको आरोपमा शिवसताक्षी नगरपालिका-१० का ५५ वर्षीय छविलाल सिटौलाविरुद्ध पीडित पक्षले फागुन २५ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २५ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई फागुन २५ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवीनकुमार जोशीको चैत २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२४ वर्षीया युवतीलाई ०८१ फागुन २८ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-८ का ५५ वर्षीय लोकबहादुर पोखरेलविरुद्ध पीडित पक्षले फागुन २९ गते इलाका प्रहरी कार्यालय, काँकरभिट्टामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितलाई फागुन २९ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकेशरी पोखरेलको चैत २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

१९ वर्षीया युवतीलाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा दुहवी नगरपालिका-१२ का १८ वर्षीय मोहम्मद मुमताजविरूद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय, दुहवीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १९ गते भयो। आरोपितलाई प्रहरीले माघ १३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको

कार्यालयमार्फत जिल्ला अदालतमा माघ १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको माघ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२४ वर्षीया महिलालाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा गढी गाउँपालिका-२ का ४३ वर्षीय नरूल हकमियाविरूद्ध पीडित पक्षले पुस २४ गते इलाका प्रहरी कार्यालय, दुहवीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २४ गते भयो। पीडित पक्षको उजुरीलगत्तै फरार भएका आरोपितलाई ०८१ चैत १८ गतेसम्म गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो। हाल घटना अनुसन्धानमा छ।

४५ वर्षीया महिलालाई ०८१ माघ १ गते बलात्कार गरेको आरोपमा रामधुनी नगरपालिका-६ का ७१ वर्षीय कमल लिम्बूविरूद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १० गते भयो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गरी जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शम्भु गौतमको फागुन ५ गतेको आदेशले ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार टिकेन्द्रवीर ज राणाले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२२ वर्षीया युवतीलाई ०८१ माघ ५ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-२ का २१ वर्षीय अभिषेक चौधरीविरूद्ध पीडित पक्षले माघ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २५ गते भयो। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्द्रकुमार खड्काको फागुन २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१९ वर्षीया युवतीलाई ०८१ पुस १७ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले इनरुवा नगरपालिका-४ का ४० वर्षीय सन्तोष मेहताविरूद्ध पुस २५ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २५ गते भयो। आरोपितलाई प्रहरीले पुस २५ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ १० गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पुरूषोत्तम नेपालको माघ ११ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार टिकेन्द्रवीर ज राणाले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२० वर्षीया युवतीलाई ०८१ माघ २३ गते बलात्कार गरेको आरोपमा हरिनगर गाउँपालिका-६ घुस्कीका २८ वर्षीय सजाउदिन मियाँविरूद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १५ गते भयो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला चैत १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२० वर्षीया युवतीलाई ०८१ फागुन १ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले .हरिनगर गाउँपालिका-८ का ५८ वर्षीय भोजराज रेग्मीविरूद्ध फागुन २ गते इलाका प्रहरी कार्यालय, पकलीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २ गते भयो। आरोपितलाई प्रहरीले फागुन ४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज कार्कीको फागुन ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## साइबर अपराध

### मोरङ

४० वर्षीया अधिकारकर्मीको सामाजिक सञ्जालमा चरित्रहत्या गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-१० विराट चौकका ६२ वर्षीय देवराज कार्कीविरूद्ध पीडितले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ८ गते गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिलको कार्यालयमार्फत प्रहरीले जिल्ला अदालतमा चैत २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनिराम ज्ञवालीको चैत २२ गतेको इजलासले १ लाख रूपियाँ धरौटी माग गऱ्यो। आरोपित

सोही दिन धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ

## परिवारजनबाट हत्या

**इलाम**

फाकफोकथुम गाउँपालिका-३ सल्लेरीकी १९ वर्षीया युवती बिमला कट्टेलको ०८१ चैत १ गते हत्या गरेको आरोपमा प्रहरीले २५ वर्षीय पति उमेश गिरीलाई चैत १५ गते गिरफ्तार गऱ्यो। ०८१ चैत १ गतेदेखि बुहारी हराएको भनि ससुरा कृष्णलाल गिरीले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। बिमलाको शव हराएको १५ दिनपछि ०८१ चैत १४ गते गाडिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानबहादुर राईले बताए। फाकफोकथुम गाउँपालिकाको दुईधार्ने खोप दाहालगोलाई भनिने ठाँउमा बिमलाको शव फेला परेको डिएसपी राईले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत १५ गते भयो। पोष्टमार्टमका क्रममा मृतक आठ महिनाको गर्भवती भएको खुलेको डिएसपी राईले बताए। सोही दिन पीडित पक्षले शव बुझी फाकफोकथुम गाउँपालिका-३ सल्लेरीमा सद्गत गऱ्यो। घरेलु हिंसाका कारण पत्नीको हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। ०८१ चैत १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

**झापा**

कन्काइ नगरपालिका-५ की ४० वर्षीया मनिषा सार्कीलाई पूर्व पतिसँग बोलेको आरोपमा ३९ वर्षीय पति लालबहादुर सार्कीले ०८१ चैत ११ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले आरोपितविरूद्ध चैत १२ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पताल, भद्रपुरमा चैत १३ गते भयो। आरोपितलाई प्रहरीले चैत १२ गते गिरफ्तार गऱ्यो। चैत १३ गते पीडित पक्षले शव बुझी कन्काइ नगरपालिका-५ मा सद्गत गऱ्यो। ०८१ चैत १८ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कोशी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : मनोहरकुमार पोखरेल, **संयोजन/सम्पादन** : पुण्यप्रसाद अधिकारी

बिराटनगर महानगरपालिका–११ जनपथटोल, मोरङ, फोन : ०२१–४७१०२५, ४७११२७, फ्याक्स : ०२१–४७१५२१
Email: biratnagar@insec.org.np, Website: www.inseconline.org